चिङ्गाड गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
**अवलचिङ्ग, सुर्खेत**
**कर्णालीप्रदेश नेपाल**
## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना
**( प्रथम पटक प्रकाशित मिति :- २०७६/०५/१३)**

यस कार्यालयबाट आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत कार्यक्रम अनुसार देहायमा उल्लेखित झोलुङ्गे पुलहरुको स्टिलपार्टस खरिद कार्य दरभाउपत्रका माध्यमबाट गराउनुपर्ने भएकोले इजाजत पत्र प्राप्त ईच्छुक संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विकासमा सुचिकृत भएका व्यवशायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रीतपूर्वकको शिलवन्दी दरभाउ पत्र पेश गर्नु हुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. ईच्छुक दरभाउ खरीद कर्ताले लिखित निवेदनकासाथमा चालु आ.व. का लागि नविकरण भएको ईजाजत प्रमाण पत्र, आयकर दर्ता र मु.अ.कर चुक्ता भएको प्रमाण पत्र लगायतका सम्वन्धित कागजातहरु संलग्न गरी बोलपत्र फाराम चिङ्गाड गाउँपालिकाको कार्यालय, अवलचिङ्ग सुर्खेतबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समयभित्र रु. १०००।(फिर्ता नहुने गरी) सानीमा बैंक शाखा चिङ्गाडमा रहेको सन्चित कोष खाता नं. ०६९०००००००५२५ जम्मा गरेको भौचर वा यस कार्यालयमा नगद बुझाई सिलबन्दी दरभाउ पत्र खरिद गर्न सकिने छ।

२. खरीद गरिएका दरभाउपत्रहरु उल्लेख भएका सबै विवरणहरु भरी सिलबन्दी दरभाउ पत्र दाताले प्रत्येक पानामा सहि छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण, प्रोपोराईटरको नाम, सम्पर्क नम्वर समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजे भित्र सिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ। म्याद भित्र प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्रहरु सोही दिनको १:३० बजे कार्यालयका प्रतिनिधी तथा बोलपत्रदाताहरु तथा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधी अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधीहरुको रोहवरमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन।

४. दरभाउपत्रदाताबाट दरभाउ पत्रको उल्लेखित मूल्य परिमाण सूची (BOQ) मा प्रत्येक आइटमको मूल्य अभिबृद्धि कर सहित दररेट भरी अंक र अक्षरमा स्पष्ट उल्लेख गरी नआएमा त्यस्तो दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ।

५. सिलबन्दी दरभाउपत्रको मान्य अवधि बोलपत्र खोलेको दिनदेखि ४५ दिन हुनेछ। बोलपत्रसाथ जमानत बापतको तल उल्लेखित रकम चिङ्गाड गाउँकार्यपालिकाको कार्यालय, अवलचिङ्ग सुर्खेतको सानीमा बैंक, चिङ्गाड शाखा सुर्खेतको धरौटी खाता नं. ०६९००००००४२५ मा दाखिला गरेको सक्कल बैंक भौचर अथवा यस कार्यालयको नाममा जारी भएको बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट सिलबन्दी दरभाउपत्रको हकमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरीएको बैंक जमानी पत्र (बिडबण्ड) संलग्न हुनुपर्नेछ।

६. सिलबन्दी दरभाउ पत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ।

७. रीत नपुगी वा म्याद नाघी आएको सिलबन्दी दरभाउ पत्र उपर कुनै कार्वाहि हुने छैन।

८.कुनै कारण जनाई वा नजनाई सिलबन्दी दरभाउ पत्र पुरै वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा चिङ्गाड गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०७६ अनुसार हुनेछ।

१०. बोलपत्र सम्बन्धी अन्य जानकारी चाहिएमा यस कार्यालय (सम्पर्क नं. टेकबहादुर खत्री ९८४८०६९६६५ वापदमबहादुर जि.सी.९८५८०८९२२२) मा कार्यालय समय भित्र सम्पर्क राखि बुझ्न सकिनेछ।

**सिलबन्दी दरभाउपत्र सम्बन्धीकार्यको विवरण**

| ठेक्का नम्बर | कामको विवरण (स्टिलपार्टस खरिद) | लागतअनुमान (मू.अ. कर सहित) | दरभाउपत्रजमानत रकम | दरभाउपत्रफारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ठुलोखोला झोलुङ्गे पुल | ८,३०,७७०।३४ | २०,७७०।- | १०००।- | |
| २ | पुड्रजेना झोलुङ्गे पुल | १३,०९,०३४।५७ | ३२,७२६।- | १०००।- | |

(टेकबहादुर खत्री)
प्रमुख प्रशासकीय अधिकृत